नेपाल सरकार

**भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**राष्ट्रिय किताबखाना (शिक्षक)**

**म्युजियम मार्ग, छाउनी, काठमाडौं ।**

**(सूचना प्रकाशित मिति : २०८३।०४।०१)**

## स्थायी कार्यरत शिक्षकहरुले जन्ममिति यकिन गर्ने सम्बन्धमा । ।

सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरूको सिटरोल दर्ता भइसकेको अवस्थामा सिटरोल फाराममा उल्लिखित जन्ममितिलाई आधार मानी अवकाश उमेर यकिन गरी अनुमानित अवकाश हुने सूची प्रकाशन गर्ने गरिएकोमा कतिपय शिक्षकको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र सिटरोल फाराममा उल्लिखित जन्ममिति फरक-फरक भएको पाइएको छ । अवकाशको समयमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) बाट जारी भएको मूल प्रमाणपत्र समेत आवश्यक हुने र सो प्रमाणपत्र प्राप्त गर्दा पहिले उल्लेख भएको जन्ममिति भन्दा एस.एल.सी/एसईई (SLC/SEE) परीक्षाको मूल प्रमाणपत्रमा जन्ममिति फरक हुन गई अवकाशको मिति समेत फरक पर्न गएको तथा शिक्षकको सेवा अवधि गणना गर्दा कार्यरत अवधि फरक पर्न गएको देखिन्छ ।

तसर्थ, सबै शिक्षकहरूले राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) बाट मूल प्रमाणपत्र लिई आफ्ना विभिन्न प्रमाणपत्रमा जन्ममिति फरक-फरक भएमा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १३१ (१) बमोजिम जुन मितिबाट पहिले अवकाश हुने हो, सोको जानकारी तत्कालै एवंम् शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ११७ (२) बमोजिम अवकाश पाउने मितिभन्दा ९ (नौ) महिना अगावै सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ र इकाइमार्फत यस किताबखानामा जानकारी गराउनुहुन सूचित गरिन्छ । साथै, कुनै शिक्षकको विभिन्न प्रमाणपत्रमा जन्ममिति फरक-फरक भई शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १३१ (१) बमोजिम अवकाशको उमेर गणना गर्दा कार्यरत अवधि फरक पर्न गएमा सोको जिम्मेवार स्वयम् शिक्षक नै हुने व्यहोरा समेत सूचित गरिन्छ ।

**राष्ट्रिय किताबखाना (शिक्षक)**
**म्युजियम मार्ग, छाउनी, काठमाडौं ।**